# रिब्दीकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
५ नं प्रदेश, नेपाल

०७५६२००५५, ०७५६९२३०७८
Email: ribdikot.rm@gmail.com
website: www.ribdikotmun.gov.np


प.सं. ०७७/०७८

### सडक मर्मत सम्भारकर्ता आवश्यकता सम्वन्धी सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति २०७७।०५।०१**

भौतिक पूर्वाधार विकास मन्त्रालय, यातायात पूर्वाधार निर्देशनालय, सडक पूर्वाधार विकास कार्यालय, पाल्पा अन्तर्गत ग्रामिण सडकको नियमित मर्मत सम्भार कार्यको लागि यस गाउँपालिकाबाट चालु आ.व. २०७७।०७८ को लागि ६ जना (पुरुष / महिला वरावर) सडक मर्मत सम्भारकर्ता (लेन्थवर्कर) माग भइ आएको हुनाले तल उल्लेखित योग्यता पुगेका **हार्थोक बतासे मैदिगा सडक अन्तर्गत देहायको वडा भित्रको सडक सेरोफेरोका बासिन्दा मध्येबाट ३ दिन भित्र दरखास्त आव्हान गरिन्छ** । इच्छुक सम्पूर्ण व्यक्तिहरुले सम्बन्धित वडाको कार्यालयमा नागरिकताको सक्कल प्रति लिई आफै उपस्थिति भइ आफ्नो दरखास्त विवरण दर्ता गराउन हुन अनुरोध गरिन्छ । समयावधि सकिए पछि आएको दरखास्त दर्ता हुने छैन ।

| **मर्मत सम्भारकर्ता(लेन्थवर्कर) माग गरिएको क्षेत्र/वडा** | **माग पद संख्या** |
|---|---|
| खस्यौली | २ |
| कुसुमखोला | २ |
| पालुङमैनादी | २ |

**दरखास्त दर्ता हुनको लागि आवश्यक मापदण्ड**

**१. प्राबिधिक मापदण्डहरु**

- उमेर कम्तिमा १८ वर्ष पूरा भई ५० वर्ष ननाघेको हुनुपर्नेछ ।
- शारिरीक र मानसिक रुपमा स्वस्थ्य हुनुपर्ने छ ।
- सडक नजिकको वासिन्दा हुनुपर्ने छ ।

**२. सामाजिक मापदण्डहरु**

- अन्य स्थायी वा अस्थायी रोजगारीमा संलग्न नभएको तथा वेरोजगार हुनुपर्नेछ ।
- महिला, दलित तथा जनजातिलाई विशेष प्रोत्साहन दिइने छ ।
- कम्तिमा पनि ४० प्रतिशत दलित तथा जनजातीलाई प्राथमिकता दिईनेछ ।
- वेरोजगार युवाहरुलाई प्राथमिकता दिइनेछ ।

**३. दरखास्त दिने अन्तिम मिति, समय र स्थान**

- अन्तिम सम्पर्क मिति:- २०७७।०५।०३ गते कार्यालय समयभित्र
- सर्म्पर्क स्थान:- सम्बन्धित वडाको कार्यालय
- द्रष्टव्य: यो कुनै स्थायी नियुक्ति होइन । यसवाट छनौट भएका सडक मर्मत सम्भार कर्ताले यस सडक योजनाको नियमित मर्मत कार्यमा आवश्यकता बमोजिम छोटो वा लामो अवधीको लागी कार्य सम्पादन तथा मुल्याङकनको आधारमा कार्य गर्न इच्छुक हुनु पर्नेछ । प्रत्येक महिनामा दिनको ८ घन्टाको दरले जम्मा २६ दिन काम गर्नुपर्ने हुन्छ। ज्याला को हकमा जिल्ला दर रेट अनुसार हुने छ।

प्रमुख प्रशासकीय अधिकृत